# विराटनगर महानगरपालिका

बैठक संख्याः ६६ | बैठक प्रारम्भः दिउसो ४ : ०० बजे

मितिः २०७७/२/१४ | बैठक स्थगनः ५ : ०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |

| | | | |
|---|---|---|---|
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री इन्द्रमणि पोखरेल | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३१ | आ.सहयोगी | राजेन्द्र प्रधान | |
| ३२ | आ.सहयोगी | संजिबकुमार भट्टराई | |
| ३२ | आ.सहयोगी | केवल पोखरेल | |

**निर्णय नं. १**

विराटनगर महानगरपालिकाको आ.व. २०७७/०७८ मा नीति, कार्यक्रम तथा वजेट तयार गर्नका लागि आन्तरिक आयका शिर्षकहरुको वारेमा छलफल गर्नका साथै वडागत रुपमा विकास निर्माणका लागि बजेट विनियोजन सम्वन्धमा छलफल गरि पुनः बैठक मिति २०७७/२/१६ गते वस्ने निर्णय गरियो ।

**निर्णय नं. २**

विराटनगर महानगरपालिकाका कार्यरत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सफाईकर्मीहरुको कोरोना विमा गर्नका लागि आवश्यक प्रक्रिया अघि वढाउने निर्णय गरियो । साझेदार संस्था वेष्ट मेनेजमेन्ट ग्रुप प्रा.लि. र जे.वी. मा कार्यरत सरसफाईकर्मीको कोरोना विमा वापत लाग्ने रकममा आधा रकम कार्यालयवाट उपलब्ध गराउने निर्णय गरियो । न्यूनतम १ वर्ष सम्म नगरपालिकामा अनिवार्य रुपमा कार्य गर्नुपर्ने शर्तमा कोरोना भाईरसवाट प्रभावित भएको सफाईकर्मी आनन्द मेहत्तरलाई रु. ४०,०००।०० उपलब्ध गराउने निर्णय गरियो । नेपाली नागरिकता नभएका सफाईकर्मीहरु कोरोना भाईरसवाट प्रभावित भएमा एकमुष्ठ रकम रु. ४०,०००।००(चालिस हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो । उक्त रकम प्राप्त गर्ने कर्मचारीले न्यूनतम १ वर्ष सम्म नगरपालिकामा अनिवार्य रुपमा कार्य गर्नुपर्ने छ । अन्य कर्मचारीहरुको हकमा कोरोना वीमा गर्न चाहेमा कार्यालयको तर्फबाट वीमा रकमको आधा रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

विराटनगर महानगरपालिकामा संघीय सरकारको निर्णयनुसार आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरवासीमा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न तथा वर्तमान अवस्थामा विश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरस (COVID 19) मा नियन्त्रण तथा रोकथाममा सहयोग पुर्‍याउनका लागि अ.हे.व. २, र अ.न.मि ६ जनालाई करारमा भर्ना गर्ने निर्णयलाई अनुमोदन गरियो ।

**निर्णय नं. ५**

उच्च अदालत, विराटनगरको निवेदन अनुसार उक्त कार्यालयको नियमित कार्य संचालनमा सहयोग पुर्‍याउनका लागि ए.सि. खरिद गर्न रकम रु. ५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

आ.व. २०७६/०७७ को वार्षिक वजेटको वजेट शिर्षक नं. २११३४ कर्मचारी बैठक भत्ता  र पदधिकारी अन्य सुविधा शिर्षकमा विनियोजित रकम नपुग भएको हुदा वजेट शिर्षक कर्मचारी तथा जनप्रतिनिधिको अवलोकन भ्रमणवाट रु. २ लाख ५० हजार कर्मचारी वृतिविकासका लागि तालिम,गोष्ठि,अवलोकन भ्रमणवाट रु. १९ लाख साथै  वजेट शिर्षक मृत कर्मचारीको सुविधा वाट रु २ लाख गरी जम्मा रु. २१ लाख पदधिकारी अन्य सुविधा वजेट शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस ( कोभिड १९ ) को नियन्त्रणका लागि लकडाउन लाई अझ ब्यवस्थित गर्न **प्रहरीको साथी म** का लागि परिचालित यूवाहरुलाई खाजा, नास्ताका लागि प्रति वडालाई रु. १० हजार विविध खर्चवाट उपलब्ध गराउने निर्णयलाई अनुमोदन गरियो ।

**निर्णय नं. ८**

विराटनगर महानगरपालिकाका विभिन्न वडाहरुलाई अविरल वर्षाद्को समयमा ढुवानवाट वचाउनका लागि नाला सफा गर्न प्रयोग गरिएको जे.सि.भि.को भाडा रकम भुक्तानीका लागि विभिन्न वडाहरुवाट भएको सिफारिस अनुसार विपत ब्यवस्थापन शिर्षकवाट विल भर्पाई अनुसारको रकम रु. ३,४४,७५०।०० भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस ( कोभिड १९ ) को न्यूनिकरण तथा  नियन्त्रणका लागि वडा नं. १८ मा रहेको एकिकृत जांच पोष्ट (ICP) मा खटिएका कर्मचारीलाई खाजा खर्च वापत रु. ५००।०० र हेल्प डेस्कका कर्मचारीहरुलाई खाजा खर्च वापत रु. २००।०० उपलब्ध गराउने निर्णयलाई अनुमोदन गरियो ।

**निर्णय नं. १०**

प्रदेश सरकारको आ.व. २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा वजेट मा नगरको योजना समावेश गर्नका लागि प्रत्येक वडावाट प्राथमिकताका आधारमा मिति २०७७/२/१५ गते भित्रमा १(एक) योजना शहरी विकास तथा योजना महाशाखामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

जिल्लाका सुरक्षा निकायलाई विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस ( कोभिड १९ ) को नियन्त्रण तथा रोकथाम कार्यमा सवारी साधन प्रयोग गरे वापत अधिकतम २५०० लि. सम्म ईन्धन उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

कार्यालयलाई आर्थिक भार नपर्ने गरी (जनप्रतिनिधिले स्वयम् व्यहोर्ने) सम्पुर्ण जनप्रतिनिधिहरुको कोरोना वीमा गर्ने निर्णय गरियो ।